# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमति प्रदेश, नेपाल

पत्र सङ्ख्या: २०८२/०८३
चलानी नं.

**किसान सूचिकरण सहजकर्ता छनौटका लागि दरखास्त आव्हान सम्बन्धी सूचना !!!**

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/१०/२१

सूचना नं. कृषि -०६/०८२/०८३

प्रस्तुत विषयमा सिद्धलेक गाउँपालिका, कृषि विकास शाखाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत संघीय ससर्त तर्फको **किसान सूचीकरण कार्यक्रम** कार्यान्वयनका लागि **किसान सूचिकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका-२०८१** बमोजिम किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शी तथा सुशासन अभिवृद्धि गर्न कृषि पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम प्रयोजनार्थ किसानहरूको आवश्यक विवरणहरू विद्युतीय प्रणाली मार्फत संकलन गरी किसान सूचीकरण गर्न **किसान सूचिकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका - २०८१** को दफा २३ मा रहेको जनशक्ति व्यवस्थापनको व्यवस्था अन्तर्गत सिद्धलेक गाउँपालिकाको वडा नं ३ र ४ क्षेत्र भित्र किसान सूचिकरण सहजकर्ता नियुक्ति गर्नुपर्ने भएकोले तपसिलका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सिद्धलेक गाउँपालिका कृषि विकास शाखामा दरखास्त पेस गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी वा रित नपुगि प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही हुने छैन।

<u>तपसिल</u>

<u>आवश्यक न्युनतम शैक्षिक योग्यता</u>

१.मान्यता प्राप्त शैक्षिक संस्थाबाट माध्यमिक तह कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको।

२. डाटा प्रविष्ट गर्न सक्षम साथै Android वा स्मार्टफोन वा ल्यापटप आफैंसँग भएको।

३.Android वा स्मार्टफोन वा ट्याब्लेट वा ल्यापटप आफैंसँग भएको।

४.पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

<u>आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू</u>

१.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

२.हालचालै खिचिएको पासपोर्ट साइजको फोटो दुईप्रति।

३.न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।

<u>पारिश्रमिक तथा अन्य सेवा सुविधा</u>

किसान सूचीकरण कार्यमा सग्लन्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड, २०८२ (नर्म्स) बमोजिम हुनेछ।

अनिशा आचार्य
प्रमुख प्रशासकीय अधिकृत